## गैरसरकारी संस्था महासंघ नेपालको

## संगठन व्यवस्थापन नियमावली २०७२

राष्ट्रको सर्वाङ्गिण विकास, मानव अधिकार, सामाजिक न्याय, समानतामा आधारित समावेसी र लोकतान्त्रिक समाजको निर्माण गर्ने लक्ष्य बोकेर सामाजिक विकास अभियानलाई संस्थागत, सशक्त र दिगो बनाउन सामाजिक संस्थाहरुको सशक्तीकरण र संस्थागत सुदृढिकरण गर्ने उद्देश्यका साथ स्थापना भएको गैरसरकारी संस्था महासंघ नेपालको विधान २०६३ को धारा २८ बमोजिम संगठनलाई चुस्त दुरुस्त र सुदृढ बनाउन तथा सांगठनिक गतिविधिलाई व्यवस्थित गरि एकरुपता कायम गर्न केन्द्रीय समितिले तयार गरेको यो संगठन व्यवस्थापन नियमावली बिसौं साधारण सभामा छलफल पश्चात प्राप्त सुझावहरु समावेश गरी केन्द्रीय कार्यसमितिको ११ औं बैठकले पारित गरी जारी गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. नाम र प्रारम्भ**

(क) यस नियमावलीको नाम "गैरसरकारी संस्था महासंघ नेपालको संगठन व्यवस्थापन नियमावली, २०७२" रहेको छ।

(ख) यो नियमावली २०७२ कार्तिक १ देखि लागू हुनेछ।

**२. परिभाषा**

(क) "गैसस" भन्नाले सस्था दर्ता ऐन २०३४ अन्तर्गत दर्ता भएका गैरसरकारी संस्थालाई बुझाउने छ।

(ख) "महासंघ" भन्नाले नेपाली गैरसरकारी संस्थाहरुको साझा राष्ट्रिय मञ्च वा छाता संगठन गैरसरकारी संस्था महासंघ नेपाल भन्ने बुझ्नु पर्दछ।

(ग) "विधान" भन्नाले गैरसरकारी संस्था महासंघ नेपालको विधान २०६३ (राष्ट्रिय निर्देशन ऐन २०१८ वमोजिम स्थापना भएको) लाई सम्झनु पर्दछ।

(घ) "नियमावली" भन्नाले गैरसरकारी संस्था महासंघ नेपालको संगठन व्यवस्थापन नियमावली २०७१ लाई सम्झनु पर्दछ।

(ङ) "विभाग" भन्नाले महासंघको विधान र नियमावली बमोजिम गठन भएको विभाग सम्झनु पर्दछ।

(च) "कार्यालय" भन्नाले महासंघको केन्द्रीय, क्षेत्रीय र जिल्ला कार्यालयलाई सम्झनु पर्दछ।

(छ) "व्यवस्थापन समिति" भन्नाले महासंघको विधान अनुरुप गठित केन्द्रीय, क्षेत्रीय र जिल्ला व्यवस्थापन समितिलाई बुझाउँदछ।

(ज) "निर्देशक" भन्नाले केन्द्रीय कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ।

(झ) "आर्थिक वर्ष" भन्नाले नेपाल सरकारको प्रचलित आर्थिक वर्षलाई सम्झनु पर्दछ।

(ञ) "लेखापरिक्षण" भन्नाले कुनै पनि तहको रजिष्टर्ड लेखा परिक्षकबाट गरिने लेखापरिक्षणलाई सम्झनु पर्दछ।

### परिच्छेद २
### सदस्यता

**३. सदस्यता वितरण**

(क) विधानको दफा ६ बमोजिम योग्यता पुगेका गैससहरुले सदस्यता प्राप्त गर्न इच्छुक भएमा *अनुसूची १* बमोजिम सदस्यता आवेदन फारम भरि जिल्ला शाखामा बुझाउनु पर्नेछ।

(ख) सदस्यता आवेदन फारम जिल्ला शाखाबाट प्राप्त गर्न सकिने छ वा गैसस महासंघ नेपालको वेवसाइट www.ngofederation.org बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।

(ग) सदस्यताको आवेदन दिँदा केन्द्रमा निम्न कागजातहरु पनि संग्लग्न गरी पेश गर्नु पर्नेछ ।

१) जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति विधान र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि

२) वर्तमान कार्यकारिणी सदस्यहरुको विवरण (अस्थायी, स्थायी, पूरा ठेगाना र सम्पर्क नं. सहित)

३) संस्थाको परिचयात्मक विवरण उल्लेख भएको Brochure तथा अन्य कागजातहरु *(संस्थाको मुख्य विषयगत उद्देश्य, संस्था रहेको पूरा ठेगाना र सम्पर्क नं. र इमेल)*

४) संस्थाको अन्तिम लेखा परीक्षण र बार्षिक कार्य प्रगति प्रतिवेदन

५) विधानमा उल्लेख भए अनुरुपको प्रवेश शुल्क र वार्षिक सदस्यता बापतको शुल्कको ड्राफ्ट/चेक/जिल्ला शाखा/तदर्थ समितिको कार्यालयमा बुझाएको रसिदको प्रतिलिपि

६) अन्तिम लेखा परीक्षण अनुसार संस्थाले गरेको आर्थिक कारोवारको जम्मा रकमको विवरण

७) गैसस महासंघ जिल्ला शाखाको वैठकको निर्णय सहित सिफारिस पत्र

(घ) केन्द्रमा प्राप्त आवेदन माथि आवश्यक जाँचबुझ गरी केन्द्रले सदस्यता प्रमाणपत्र उपलब्ध गराउने छ । सदस्यता प्रमाण पत्र *अनुसूची २* बमोजिम हुनेछ ।

## ४. सदस्यता अभिलेख, नविकरण र समाप्ती

(क) विधानको दफा ८ को (क), (ख) र (ग) मा उल्लेखित सदस्यता शुल्क बुझाई दफा ८ को उपदफा १ को (क) र ख को माफदण्ड पुरा गरिरहेका सदस्यको मात्र सदस्यता नविकरण गरिने छ ।

(ख) सबै जिल्ला शाखाहरुले साउन र भाद्र महिनामा गत आ.व.को नयाँ एवं नविकृत र समाप्ति संस्थाहरुको अभिलेख अध्यावधी गर्ने र सोको विवरण शुल्क सहित *अनुसूची ४* बमोजिमको फारममा केन्द्र र क्षेत्रमा पठाउनु पर्नेछ ।

(ग) सबै जिल्ला शाखाहरुले सदस्यहरुको अध्यावधिक विवरण पहिले क्षेत्र अनि केन्द्रमा पेश गर्नु पर्नेछ ।

(घ) सबै जिल्ला शाखाहरुले असोज र कार्तिक महिनामा जिल्लाको सांगठनिक अवस्था विश्लेषण गरि नयाँ सदस्यता बिस्तार एवं सदस्यता नविकरण योजना बनाउने छ ।

(ङ) मंसिर र पौष महिनामा जिल्ला शाखाले सदस्यता विस्तार अभियान संचालन गर्ने र पौषको अन्तीम हप्तामा नयाँ सदस्य संस्थालाई अभिमुखिकरण कार्यक्रम संचालन गर्नेछ ।

(च) माघ मसान्तसम्म चालु आ.व.को सदस्यता अभिलेख, नयाँ सदस्यता, नविकरण र समाप्ति अध्यावधि गरि शुल्क सहित क्षेत्र र केन्द्रमा अभिलेख पठाउने ।

(छ) विधानको दफा ८ को उपदफा १ को (क) बमोजिम नविकरण हुन नसकेका गैससहरुले पुनः नविकरण गर्न चाहेमा बार्षिक रु.२००।- का दरले विलम्ब शुल्क तिरि (विधान अनुरुप बुझाउनु पर्ने शुल्कहरु बाहेक) पुनः नविकरण गर्न सक्नेछन् । यदि तीन वर्ष सम्म नविकरण नगरेमा स्वत : सदस्यता समाप्ति हुनेछ । सदस्यता समाप्ति भएको विवरण माघ मसान्त भित्र सम्बन्धित जिल्ला शाखाले क्षेत्रीय समिति मार्फत केन्द्रीय समितिमा पठाउनु पर्नेछ । तर संबन्धित जिल्ला शाखा निश्कृय भएको, शाखाले मनसाय पुर्वक नविकरण नगरेका अवस्थामा केन्द्रीय समितिमा निवेदन दिन सक्ने छन ।

(ज) जिल्ला शाखा, क्षेत्रीय र केन्द्रीय समितिमा निर्वाचित भएका पदाधिकारी तथा सदस्यहरु सदस्य संस्थाका प्रतिनिधि रहेकाले पदाधिकारी तथा सदस्यहरु आबद्ध रहेको संस्था आगामी बर्षको असार मसान्तसम्म नविकरण नभएमा सम्बन्धित संस्था र व्यक्तिलाई लिखित जानकारी दिएर पदाधिकारी तथा सदस्यहरुको पद खारेजी हुनेछ ।

## ५. सदस्यता शुल्क

(क) प्रत्येक सदस्य संस्थाको सदस्यता शुल्क विधानको दफा ८ ले बमोजिम हुनेछ ।

(ख) सदस्य संस्थाको प्रवेश शुल्क ५० प्रतिशत जिल्ला शाखामा, २५ प्रतिशत क्षेत्रीय समितिमा र २५ प्रतिशत केन्द्रीय समितिमा रहनेछ ।

(ग) सदस्य संस्थाको बार्षिक सदस्यता नविकरण शुल्क ५० प्रतिशत सम्बन्धित जिल्ला शाखामा, २५ प्रतिशत क्षेत्रीय समितिमा र २५ प्रतिशत केन्द्रीय समितिमा रहनेछ ।

# परिच्छेद ३
# साधारण सभा, अधिवेशन र महाधिवेशन

## ६. साधारण सभा

(क) महासंघको विधान अनुसार प्रत्येक वर्ष जिल्ला शाखाको फाल्गुणभित्र, क्षेत्रीय समितिको चैत्रभित्र र केन्द्रीय समितिको बैशाखभित्र साधारण सभा बस्ने छ । यो नियमावली लागु हुनभन्दा अगाडि सम्पन्न साधारण सभा/अधिवेशनलाई समायोजन गरिने छ ।

(ख) साधारण सभामा कार्यप्रगति र आर्थिक प्रतिवेदन साधारण सभा समक्ष लिखित रुपमा पेश गर्नु पर्नेछ । प्रस्तुत प्रतिवेदन माथि प्रतिनिधिहरुले छलफल गरि आगामी वर्षको लागि योजना निर्माण गर्नु पर्नेछ ।

(ग) आर्थिक प्रतिवेदन प्रस्तुत गर्दा रजिष्टर्ड लेखा परिक्षकद्वारा लेखा परिक्षण गरिएको लेखा परिक्षण प्रतिवेदन हुनुपर्ने छ ।

(घ) जिल्ला शाखाको साधारण सभा गर्दा विधानको दफा १८ को उपदफा १ को (ख) मा एक महिला र एक जना पुरुष प्रतिनिधि हुने व्यवस्था भएता पनि अनिवार्य एक महिला सहित २ जना प्रतिनिधि हुने छन् ।

(ङ) जिल्ला साधारण सभा गर्दा क्षेत्रीय तथा केन्द्रीय समितिलाई १५ दिन अगावै लिखित जानकारी गर्नुपर्नेछ र क्षेत्रीय तथा केन्द्रीय समितिले पदाधिकारी तथा सदस्यहरु मध्येबाट तोकेको आधिकारिक एक एक जना प्रतिनिधिको उपस्थितिमा साधारण सभा गर्नु पर्नेछ ।

(च) क्षेत्रीय साधारण सभा गर्दा केन्द्रीय समितिलाई १५ दिन अगावै लिखित जानकारी गराई क्षेत्रीय ईन्चार्ज तथा केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरु मध्ये कम्तीमा एक जनाको उपस्थितिमा गर्नु पर्नेछ ।

## ७. अधिवेशन तथा महाधिवेशन

(क) महासंघको विधान अनुसार प्रत्येक तीन वर्षमा जिल्ला शाखाको अधिवेशन फाल्गुण भित्र, क्षेत्रीय समितिको अधिवेशन चैत्र भित्र र केन्द्रीय समितिको महाधिवेशन बैशाख भित्र सम्पन्न गर्नु पर्नेछ ।

(ख) अधिवेशन र महाधिवेशनमा कार्यप्रगति र आर्थिक प्रतिवेदन साधारण सभा समक्ष लिखित रुपमा पेश गरिने छ । प्रस्तुत प्रतिवेदन माथि प्रतिनिधिहरुले छलफल गरि आगामी वर्षको लागि योजना निर्माण गर्नु पर्नेछ । साथै वजेट पनि प्रस्तुत गरी पारित गर्नु पर्नेछ ।

(ग) आर्थिक प्रतिवेदन प्रस्तुत गर्दा रजिष्टर्ड लेखा परिक्षकद्वारा लेखा परिक्षण गरिएको लेखा प्रतिवेदन हुनेछ ।

(घ) जिल्ला शाखाको अधिवेशन गर्नका लागि कम्तीमा १५ दिन अगावै सदस्य संस्थाको सूची र सदस्यता शुल्क क्षेत्रीय समिति मार्फत केन्द्रीय कार्यालयमा पठाउनु पर्ने छ र क्षेत्रीय समितिको अधिवेशन गर्दा क्षेत्र भित्र पर्ने अवधि पुगेका जिल्ला शाखाहरुको जिल्ला अधिवेशन सम्पन्न गरि सक्नुपर्नेछ ।

(ङ) सम्पूर्ण शुल्क एवं विवरण बुझाउने जिल्ला शाखाहरुलाई मात्र केन्द्र तथा क्षेत्रीय तहका अधिवेशनमा सहभागी गराइने छ ।

(च) जिल्ला र क्षेत्रीय अधिवेशनमा नयाँ नेतृत्वको निर्वाचन गर्नका लागि एक जना स्वतन्त्र व्यक्ति निर्वाचन अधिकृतको रुपमा नियुक्त गरि प्रतिनिधिहरु मध्येबाट निर्वाचनमा उम्मेदवार नहुने २ जना सहयोगी गरि जम्मा ३ जनाले निर्वाचन सम्पन्न गराउने छन् । निर्वाचन समितिमा कम्तीमा १ जना महिला अनिवार्य हुनुपर्ने छ ।

(छ) केन्द्रीय महाधिवेशनमा नयाँ नेतृत्वको निर्वाचन गर्नका लागि एक जना स्वतन्त्र व्यक्ति निर्वाचन अधिकृतको रुपमा नियुक्त गर्नु पर्नेछ । महाअधिवेशनका प्रतिनिधिहरु मध्येबाट निर्वाचनमा उम्मेदवार नहुने ४ जना सहयोगी गरि जम्मा ५ जनाको निर्वाचन समिति गठन गर्नु पर्नेछ र जुन समितिले निर्वाचन सम्पन्न गराउने छ । निर्वाचन समितिमा कम्तीमा २ जना महिला अनिवार्य हुनुपर्ने छ साथै निर्वाचनसमितिले आवश्यक्ता अनुसार स्वयम सेवक राख्न सक्ने छ ।

(ज) जिल्ला शाखाको अधिवेशन गर्दा विधानको दफा १८ को उपदफा १ को (ख) मा एक महिला र एक जना पुरुष प्रतिनिधि हुने व्यवस्था भएकोले त्यसलाई अनिवार्य एक महिला सहित २ जना प्रतिनिधि हुनेछन् भनि परिभाषित गर्ने । जिल्ला अधिवेशनमा जिल्ला शाखाका पदाधिकारी तथा सदस्यहरु आयोजक हुनेछन् तर स्वतः प्रतिनिधि हुने छैनन् । अधिवेशनमा प्रतिनिधि हुन सदस्य संस्थाबाट आधिकारिक प्रतिनिधि भएर आउनु पर्नेछ ।

(झ) जिल्ला अधिवेशन गर्दा क्षेत्रीय तथा केन्द्रीय समितिलाई १५ दिन अगावै लिखित जानकारी गराउनु पर्नेछ । क्षेत्रीय तथा केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरुबाट एक एक जना प्रतिनिधिहरु पठाउने छ । यसरी केन्द्रले प्रतिनिधि तोक्दा संगठन विभाग प्रमुखसँग परामर्श गर्नु पर्नेछ । केन्द्रीय तथा क्षेत्रीय समितिका आधिकारिक प्रतिनिधिहरुको उपस्थितिमा जिल्ला शाखाको अधिवेशन गर्नु पर्नेछ । केन्द्रीय तथा क्षेत्रीय समितिका प्रतिनिधिहरुको उपस्थिति विना सम्पन्न गरिएको अधिवेशनले मान्यता पाउने छैन । अधिवेशन सम्पन्न भएपछि उक्त प्रतिनिधिले संगठन विभागलाई जानकारी गराउनु पर्नेछ ।

(ञ) जिल्ला र क्षेत्रीय अधिवेशनमा निर्वाचन सम्बन्धी कुनै विवाद उत्पन्न भएमा केन्द्रीय प्रतिनिधि र निर्वाचन समितिले अन्तिम निर्णय दिनेछ ।

(ट) केन्द्रीय समितिको उपाध्यक्ष ३ जना मध्ये कम्तीमा १ जना महिला अनिवार्य हुने छ भने ३ जना सचिव मध्ये कम्तीमा १ जना महिला अनिवार्य हुनेछ ।

(ठ) जिल्ला, क्षेत्रीय अधिवेशन र केन्द्रीय महाधिवेशनका प्रतिनिधिहरुको नामावली ५ दिन अगाडि नै अध्यावधिक गराई सक्नु पर्नेछ ।

(ड) महाधिवेशन तथा अधिवेशनको दौरानमा उम्मेदवार बनी पराजित भएका ब्यक्तिलाई पुन : मनोनित गरी समितिमा ल्याउन सकिने छैन ।

(ढ) केन्द्रीय समिति, क्षेत्रीय समिति तथा जिल्ला शाखाका निवर्तमान अध्यक्षको मतदान अधिकार हुने छैन ।

(ण) महासंघको विधान २०६३ दफा १३.१ को ७ अनुसार महासंघको केन्द्रीय समितिमा पदाधिकारीहरु वैधानिक प्रक्रिया अनुसार एकै पदमा लगातार दुई अवधि सम्म रहन सक्नेछन् रहेकोले सोही अनुसार क्षेत्रीय र जिल्ला शाखाहरुमा पनि पदाधिकारीहरु दुई कार्यकाल सम्म रहन सक्नेछ ।

(त) विधान १८.१ को ख बमोजिम आयोजना गरिने जिल्ला अधिवेशनमा सहसदस्यले भाग लिन पाउनेछन् । तर सहसदस्यले चुन्न र चुनिने अधिकार पाउने छैन । साथै सह सदस्यका प्रतिनिधिहरुलाई महाधिवेशन र क्षेत्रिय अधिवेशनमा पनि चुन्ने र चुनिने अधिकार रहने छैन ।

## परिच्छेद ४
## बैठक

### ८. केन्द्रीय, क्षेत्रीय र जिल्ला शाखाको बैठक

(क) केन्द्रीय समितिको बैठक कम्तीमा वर्षको ४ पटक, क्षेत्रीय समितिको बैठक कम्तीमा वर्षको ४ पटक र जिल्ला शाखाको बैठक कम्तीमा २ महिनामा १ पटक बस्ने छ ।

(ख) जिल्ला शाखा प्रत्यक्षतः साधारण सभा, अधिवेशन, क्षेत्रीय समिति र केन्द्रीय समिति प्रति उत्तरदायी रहने छ । क्षेत्रीय समिति क्षेत्रीय साधारण सभा, केन्द्रीय समिति प्रति उत्तरदायी रहने छ । केन्द्रीय समिति केन्द्रीय साधारण र महाधिवेशन प्रति उत्तरदायी रहने छ ।

(ग) केन्द्रीय, क्षेत्रीय र जिल्ला शाखाका पदाधिकारी तथा सदस्यहरु बिना सूचना लगातार ३ पटकसम्म बैठकमा अनुपस्थित रहेमा समितिबाट स्वतः हटेको जानकारी कार्यसमितिको निर्णयवाट दिन सक्ने छ ।

(घ) केन्द्रीय, क्षेत्रीय र जिल्ला शाखाको बैठकले आवश्यकता अनुसार विभागहरु गठन गर्न सक्नेछ ।

(ङ.) वार्षिक रुपमा क्षेत्र तथा जिल्ला तहमा साधारण सभा र प्रत्येक तीन वर्षमा अधिवेशन विधानतः आयोजना गर्न नसकेमा समयमै संचालन गर्न माथिल्लो समितिले सचेत गराउन सक्ने छ । म्याद सकेको छ महिना भित्र पनि अधिवेशन आयोजना नगरेमा स्वतः विघटन हुनेछ । त्यस पश्चात केन्द्रले तदर्थ समिति गठन गरी तीन महिना भित्र अधिवेशन गर्न तदर्थ समितिलाई अख्तियारी दिन सक्नेछ ।

## परिच्छेद ५
## राजीनामा, पद रिक्तता र पदपूर्ति, वहुपदीय अभ्यास र बर्खास्त

### ९. राजीनामा

(क) कुनै पनि समितिका पदाधिकारी तथा सदस्यहरुले राजीनामा दिन चाहेमा अध्यक्षले कार्यसमिति समक्ष र अन्य पदाधिकारी वा सदस्यले आफनो कमिटीको अध्यक्ष समक्ष राजीनामा दिनु पर्नेछ । विभागका संयोजक, पदाधिकारी तथा सदस्यहरुले समितिका अध्यक्ष समक्ष राजिनामा दिनु पर्नेछ ।

### १०. पद रिक्तता

(क) निम्न अवस्थामा कुनै पनि समिति र विभागका पदाधिकारी तथा सदस्यको पद रिक्त हुनेछ :

१) राजीनामा दिएमा ।

२) कार्यअवधि समाप्त भएमा ।

३) कारबाहीमा परि निष्कासित भएमा ।

४) तल्लो समितिका पदाधिकारी तथा सदस्यहरु माथिल्लो समितिमा निर्वाचित वा मनोनित भएमा ।

५) बिना सूचना लगातार ३ पटकसम्म बैठकमा अनुपस्थित रहेमा ।

६) महासंघका केन्द्रीय, क्षेत्रीय र जिल्ला शाखाका पदाधिकारी वा सदस्यहरु निजामति, स्थानीय निकाय, न्याय सेवा, सुरक्षा निकाय, अन्तराष्ट्रिय गैर सरकारी संस्थाका कर्मचारी, सरकारी शिक्षक र राजनैतिक दलहरुको केन्द्रीय, क्षेत्रीय वा जिल्लाको प्रमुख तथा पदाधिकारीहरु र स्थानीय निकायका प्रमुख तथा पदाधिकारीहरु भएमा पद रिक्त हुनेछ ।

७) आबद्ध रहेको संस्था नविकरण नभएमा ।

८) मृत्यु भएमा

(ख) कुनै पनि तहको समिति र विभागको पदाधिकारी तथा सदस्यले व्यक्तिगत पेशा, व्यवसाय वा अध्ययन आदिका कारणले लगातार विना सूचना संवन्धित समितिको सूचना वेगर ६ महिना भन्दा बढि समय बाहिर गएमा त्यस्ता पदाधिकारी तथा सदस्य सम्बन्धित समितिको पदबाट स्वतः मुक्त हुनेछन् ।

**११. पदपूर्ति**

विधानको दफा २४ बमोजिम पदपूर्तिको प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) केन्द्रीय समितिका अध्यक्ष लगायत कुनै पनि पदाधिकारी वा सदस्य पद रिक्त भएमा केन्द्रीय समितिले निर्णय गरी पदपूर्ति गर्न सक्नेछ ।

(ख) क्षेत्रीय समितिका अध्यक्ष लगायत कुनै पनि पदाधिकारी वा सदस्य पद रिक्त भएमा सम्बन्धित क्षेत्रीय समितिले निर्णय गरी पदपूर्ति गर्न सक्नेछ ।

(ग) जिल्ला शाखाको अध्यक्ष लगायत कुनै पनि पदाधिकारी वा सदस्य पद रिक्त भएमा सम्बन्धित जिल्ला शाखाले निर्णय गरी पदपूर्ति गर्न सक्नेछ ।

**१२. वहुपदीय अभ्यास र पद मुक्त**

(क) कुनै एक व्यक्ति महासंघको संगठन भित्र एकै पटक दुई पदमा रहन सक्ने छैन । केन्द्र, क्षेत्र र जिल्लाहरुमा एकै व्यक्तिले दुई वा सो भन्दा बढी पदमा प्रतिनिधित्व गरेमा तल्नो तहको पद स्वतह समाप्त भएको मानिने छ ।

(ख) विधानको परिच्छेद ७ को दफा २५ को उपदफा (क) बमोजिम महासंघको कुनै पनि तहका समितिका पदाधिकारी वा सदस्यहरु मध्ये कुनै व्यक्ति कुनै पनि राजनैतिक पार्टीका केन्द्रीय, क्षेत्रीय तथा जिल्लास्तरका प्रमुख पदहरुमा रहेमा स्थानीय निकायहरुका प्रमुख उपप्रमुख पदहरुमा र संसद सदस्यमा निर्वाचित भएमा वा राजनैतिक नियुक्ति पाएमा, लामो समयको लागि विदेश गएमा वा अन्य अन्तरराष्ट्रिय संस्थाहरुको नियमित तलबी कर्मचारी भएमा सरकारी कार्यालय र सरकारी स्वामित्वको संस्थानको तलबी कर्मचारी भएमा त्यस्ता व्यक्ति रहेको पद स्वतः रिक्त भएको मानिने छ । यदि यो व्यवस्था पालना नभएको पाइएमा केन्द्रीय समितिले आवश्यक कार्वाही गर्न सक्नेछ ।

## परिच्छेद ६
## विभागहरु

**१३. केन्द्रीय विभागहरु**

(क) केन्द्रीय समिति अन्तरगत निम्न विभागहरु रहन सक्ने छन् ।

१) संगठन तथा क्षमता अभिबृद्धि विभाग

२) महिला तथा समावेशी विभाग

३) सूचना, संचार, अभिलेख तथा अनुसन्धान विभाग

४) वकालत तथा सञ्जालीकरण विभाग

५) स्रोत व्यवस्थापन विभाग

६) आचार संहिता तथा अनुगमन विभाग

(ख) क्षेत्रीय तथा जिल्लास्तीय विभागहरु

क्षेत्रीय र जिल्ला तहमा देहाय वमोजिम विभागहरु रहने छन् । तर विधानको दफा १७ उपदफा ३ (छ) बमोजिम सम्वन्धित समितिको वैठकले आवश्यकता अनुसार विभागहरु खडा गर्ने र कार्य विभाजन गर्न सकिने छ :

१) संगठन तथा क्षमता अभिबृद्धि विभाग

२). महिला तथा समावेशी विभाग

३) सूचना, संचार, अभिलेख तथा अनुसन्धान विभाग

४) वकालत तथा सञ्जालीकरण विभाग

५) स्रोत व्यवस्थापन विभाग

६) आचार संहिता तथा अनुगमन विभाग

(ग) विभाग गठन गर्ने समितिको म्याद समाप्त भएमा विभागको अवधि स्वतः समाप्त भएको मानिने छ ।

(घ) विभागले तल्लो समितिलाई परिचालित गर्ने छैन । तल्लो समितिलाई पत्राचार गर्नु परेमा सम्वन्धित तहको समिति वा सचिवालय मार्फत गर्नेछन् ।

(ङ) विभागको बैठक आवश्यकता अनुसार वस्नेछ ।

**१४. विभागका काम र कर्तव्य**

विभागहरुले सम्वन्धित समितिको अंगको रुपमा रहि नीति एवं योजना निर्माण र कार्यक्षेत्र (TOR) तयार गरि कार्यान्वयनमा सहयोग गर्ने छन् । उनीहरु सम्वन्धित समिति प्रति उत्तरदायी हुनेछन् र आफ्ना कामको योजना र प्रतिवेदन सम्वन्धित समितिमा पेश गर्नेछन् । सामान्यतया विभागका कामहरु देहाय वमोजिम हुनेछन् :

**(क) संगठन तथा क्षमता अभिबृद्धि विभाग**

१) सदस्य संस्थाहरु र विभिन्न तहका समितिहरुको अभिलेख राख्ने र प्रमाणित गर्ने ।

२) संगठनात्मक अभिलेख राख्ने र नियमितरुपमा अध्यावधिक गर्ने ।

३) केन्द्रीय संगठन विभागले संगठनात्मक क्षेत्रमा प्राप्त अनुभवहरु संकलन तथा विश्लेषण गर्ने र त्यसको निश्कर्षको आधारमा महासंघले लिनु पर्ने संगठनात्मक नीतिका सम्वन्धमा प्रस्ताव तयार गरि केन्द्रीय समिति समक्ष प्रस्तुत गर्ने ।

४) महाधिवेशन र केन्द्रीय साधारण सभाको वैठकमा प्रस्तुत गरिने विधान, सम्बन्धित नियमावली संशोधन सम्वन्धमा प्रस्ताव तयार गर्ने र केन्द्रीय समिति समक्ष प्रस्तुत गर्ने ।

५) महासंघको संगठनात्मक जीवनसँग सम्वन्धित समस्या तथा सम्भावनाहरुको सम्वन्धमा अध्ययन र छलफल गरि निश्कर्षहरु सम्वन्धित समिति समक्ष प्रस्ताव प्रस्तुत गर्ने ।

६) संगठन संचालन र परिचालनकोलागि क्यालेन्डर तयार गरि कार्यान्वयन गर्ने । उक्त क्यालेन्डर *अनुसुची ३* बमोजिम हुनेछ ।

७) केन्द्रीय संगठन विभागले जिल्ला शाखाको नियमित अनुगमन गरि सोको प्रतिवेदन केन्द्रीय समितिमा पेश गर्ने ।

८) क्षेत्रीय संगठन विभागले क्षेत्रीय समिति मार्फत सदस्य संस्था तथा जिल्ला शाखाको कार्यसम्पादन अनुगमन गरि उत्कृष्ट संस्था तथा शाखाको छनौटका लागि केन्द्रीय संगठन विभागलाई सहयोग गर्ने ।

९) सदस्य संस्थाहरु, जिल्ला शाखाहरु र क्षेत्रीय समितिहरुलाई लक्षित गरी तालिम तथा अभिमुखीकरणहरु कार्यक्रम सञ्चालन गर्ने ।

१०) सदस्य संस्थाहरु, क्षेत्रीय समिति तथा जिल्ला शाखाहरुको क्षमता विकासका लागि आवश्यकता लेखाजोखा गर्ने तथा सो अनुरुप कार्यक्रम तथा कार्ययोजना तय गरी कार्यान्वयन गर्ने ।

**(ख) महिला तथा समावेशी विभाग**

१) महिला तथा समावेसी संम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, सन्धी सम्झौता, योजना र कार्यक्रमहरुबारे जानकारी राख्ने ।

२) महिला तथा समावेसीको सवालमा काम गर्ने सदस्य संस्थाहरुबीच अनुभव आदानप्रदान तथा साझा धारणा निर्माण गर्न आवश्यक व्यवस्था मिलाउने ।

३) सदस्य संस्थाका प्रतिनिधिहरुको सहभागितामा भेला आयोजना गर्ने । महिला, बालबालिका, युवा, अपाङ्ग, तेस्रोलिङ्गि, जेष्ठ नागरिक, दलित, मधेसी, आदिवासी जनजाती तथा पाखा पारिएका सिमान्तकृत वर्गका सवालमा वकालत गर्नका लागि कार्यक्रम गर्ने ।

४) केन्द्र सहित विभिन्न तहका संरचनाहरुमा रहेका सहभागिता (खण्डिकृत तथ्यांक) अध्ययन गर्ने ।

५) क्षेत्रीय समिति तथा जिल्ला शाखा मार्फत सदस्य संस्थालाई समावेशी बनाउन आवश्यक पहल गर्ने ।

६) राष्ट्रियस्तरमा विभिन्न सवालमा समावेशी प्रतिनिधित्वलागि आवश्यकता अनुसार लविङ तथा वकालत गर्ने ।

**(ग) सूचना, संचार, अभिलेख तथा अनुसन्धान विभाग**

१) पत्रिका, बुलेटिन तथा अन्य सामाग्री प्रकाशन तथा वितरण व्यवस्था मिलाउने ।

२) पुस्तकालय व्यवस्थापन गर्ने ।

३) वेवासाइटलाई नियमित गर्ने र आवश्यकता अनुसार स्तरोन्नती गर्ने ।

४) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय विकास नीति, योजना र कार्यक्रमहरुबारे जानकारी राख्ने ।

५) मुलुकमा विकासका लागि भएका प्रयास, लगानी तथ प्रभावकारीताको सुक्ष्म अध्ययन गर्ने र महासंघको तर्फबाट आफ्नो धारणाहरु बनाउने ।

**(घ) वकालत तथा सञ्जालीकरण विभाग**

१) समसामयिक विषयमा अन्य संघसंस्थाहरुसँग समन्वय गरि वकालत गर्ने ।

२) विषय तथा सवालका आधारमा राष्ट्रिय तथा जिल्ला तहमा सञ्जालीकरण गर्ने तथा सो अनुरुप गतिविधि तय गरि कार्यान्वयन गर्ने ।

३) अन्य विभागहरुसँग समन्वय गरि सम्वन्धित विषयमा वकालत तथा पैरवी व्यवस्था मिलाउने ।

**(ङ) स्रोत व्यवस्थापन विभाग**

१) आर्थिक श्रोत परिचालनको स्थिति विश्लेषण गर्ने

२) संभावित श्रोतहरु पहिचान गर्ने र सम्बन्धित संस्थाहरुसँग सम्पर्क गरी अन्तरसम्बन्ध बढाउने

३) श्रोत परिचलानका लागि आवश्यक रणनीति तथा प्रस्तावनाहरु तयार गर्न महासंघलाई सहयोग गर्ने

**(ञ) आचार संहिता तथा अनुगमन विभाग**

१) महासंघको आचारसहिंता पालना भए नभएको अनुगमन गर्ने, अनुगमन प्रतिवेदन तयार गर्ने ।

२) महासंघको आचारसहिंता समीक्षा गरि समयानुकुल बनाउन प्रस्ताव तयार गर्ने ।

३) गैसस सुशासन संवन्धमा जिल्ला तहमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।

## परिच्छेद ७

## बित्तीय व्यवस्थापन

### १५. क्षेत्रीय र जिल्ला शाखाको लेखा व्यवस्थापन

(क) जिल्ला शाखा र क्षेत्रीय समितिको लेखा व्यवस्थापन बैंकिग कारोबार मार्फत गर्नु पर्नेछ । त्यसको लागि गैसस महासंघ नेपाल क्षेत्रीय समिति वा जिल्ला शाखाको नाममा जिल्ला सदरमुकाममा बैंक खाता खोल्नु पर्नेछ ।

(ख) जिल्ला शाखा तथा क्षेत्रीय समितिले प्रत्येक आर्थिक बर्षको दर्तावाल लेखापरिक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ र लेखा परीक्षणको प्रतिवेदन बार्षिक साधारण सभामा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

(ग) जिल्ला शाखाले स्वीकृत लेखा परीक्षणको प्रतिवेदन क्षेत्रीय समिति र केन्द्रीय समितिमा तत्काल पठाउनु पर्नेछ भने क्षेत्रीय समितिले पनि आफ्नो स्वीकृत प्रतिवेदन केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

(घ) जिल्ला शाखाहरुले बार्षिक आयब्ययको विवरण पुष महिना भित्र केन्द्रीय कार्यालय तथा क्षेत्रीय समितिमा पठाउन पर्नेछ । भने क्षेत्रीय समितिले भने केन्द्रीय समितिको कार्यालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद ८
## विविध

### १६. जिल्ला शाखाको कार्यालय

दैनिक कामहरु सुचारु गर्नको लागि जिल्ला शाखाले जिल्ला सदरमुकाममा र क्षेत्रीय समितिले क्षेत्रीय केन्द्रहरुमा कार्यालय स्थापना गरी नियमित व्यवस्थापन गर्नु पर्नेछ । उक्त कार्यालयहरु सके सम्म कुनै पनि गैससको कार्यालय परिसर भन्दा छुट्टै स्थानमा राखिनु पर्नेछ ।

### १७. कार्ययोजना र प्रतिवेदन

(क) जिल्ला शाखा, क्षेत्रीय समितिको साधारण सभा तथा अधिवेशनमा पारित प्रगति प्रतिवेदन सहित कार्ययोजना र समसामयिक प्रस्तावहरु अधिवेशन तथा साधारण सभा सम्पन्न भएको १५ दिन भित्र केन्द्रीय समितिमा अनिवार्य वुझाउनु पर्नेछ ।

(ख) विभागका प्रमुखले प्रगति प्रतिवेदन वैठकै पिच्छे लिखितरुपमा पेस गर्नु पर्नेछ ।

(ग) सदस्यता बिवरण र सांगठनिक अवस्थाको प्रतिवेदनको *अनुसूची ४* अनुसारको ढाँचा अनुसार हुनेछ ।

(घ) साधारण सभा र अधिवेशनको प्रतिवेदन *अनुसूची ७* अनुसारको हुनेछ ।

### १८. अनुमति र कार्यभार हस्तान्तरण

(क) जिल्ला, क्षेत्रीय र केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरु आफ्नो कार्यक्षेत्रवाट एक हप्ता भन्दा बढी बाहिर जानुपरेमा सम्वन्धित समितिको अध्यक्षले उपाध्यक्षलाई, महासचिवले सचिवलाई र क्षेत्रीय समिति र जिल्ला समितिका सचिवले सहसचिवलाई कार्यभार दिनु पर्नेछ ।

(ख) जिल्ला तथा क्षेत्रीय तहमा निवर्तमान समितिले नवनिर्वाचित समितिलाई निर्वाचन भएको १५ दिन भित्र श्रेस्ता, सम्पति र हिसाव किताव सहित कार्यभार हस्तान्तरण गर्नु पर्नेछ ।

**१९. अनुगमन र मूल्यांकन**

(क) केन्द्रीय समितिले मातहतका समितिहरुको अनुगमन कम्तीमा वर्षको एक पटक गर्नु पर्नेछ । जिल्ला शाखाको अनुगमन गर्दा *अनुसूची ५* बमोजिमको बस्तुस्थिति विश्लेषण सूची गर्नुपर्ने छ ।

(ख) अनुगमनको प्रतिवेदन केन्द्रीय समितिको वैठकमा पेश गर्नु पर्नेछ । अनुगमन प्रतिवेदन *अनुसूची ६* को ढाँचा बमोजिम भ्रमण सम्पन्न भएको मितिले १५ दिनभित्र केन्द्रमा पेश गर्नु पर्नेछ ।

**२०. सपथ**

(क) नयाँ कार्यसमितिको निर्वाचन भैसकेपछि सम्पूर्ण पदाधिकारी एवं सदस्यहरुले *अनुसूची ८* बमोजिमको ढाँचामा सपथ ग्रहण गर्नुपर्नेछ ।

(ख) सपथ लिंदा माथिल्लो तहको आधिकारिक प्रतिनिधि सामु लिनु पर्नेछ भने केन्द्रीय समितिको हकमा निवर्तमान अध्यक्ष समक्ष सपथ लिनु पर्नेछ ।

**२१. नियमावलीको व्याख्या**

यस नियमावलीको अन्तिम व्याख्या केन्द्रीय समितिले गर्नेछ ।

**२२. नियमावली संसोधन**

केन्द्रीय समितिले यस नियमावलीमा आवश्यक संसोधन गरि लागु गर्न सक्नेछ ।

**२३. वाधा अडकाउ फुकाउने अधिकार**

यस नियमावलीको प्रयोग गर्दा कुनै पनि वाधा अडकाउहरु आएमा केन्द्रीय समितिले त्यसलाई फुकाउने काम गर्नेछ र आवश्यक आदेश वा निर्देशन जारी गर्न सक्नेछ ।

**२४. वचाऊ**

यस नियमावली जारी गर्नु पूर्व महासंघको संगठन व्यवस्थापन अन्तरगत सम्पादन गरिएका कामहरु यसै नियमावली अनुसार गरिएको मानिने छ ।

अनुसूची १

**सदस्यता आवेदन पत्र**

## महासंघको प्रयोजनको लागि मात्र

| | |
|---|---|
| सदस्यता नं.: ......................................... | महासंघमा आवद्ध भएको मितिः ........................ |
| संस्थाको नामः ...................................... | पत्राचार गर्ने ठेगानाः .................................... |

(गैसस महासंघको जिल्ला शाखा कार्यालयमा बुझाउने)

श्रीमान अध्यक्षज्यू,
गैरसरकारी संस्था महासंघ-नेपाल
केन्द्रीय कार्यालय
बुद्धनगर, काठमाण्डौं

## विषय : सदस्यता बारे ।

महोदय

गैरसरकारी संस्था महासंघ नेपालको विधान २०६३ र आचार संहिता २०५९ पालना गर्ने प्रतिवद्धताका साथ त्यस महासंघको सदस्यताको लागि तपसिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी सदस्यता प्रदान गरिदिनुहुन यसै निवेदन साथ सादर अनुरोध गर्दछौं ।

सहयोगका लागि धन्यवाद !

भवदीय

............................

नामः......................

पदः........................

मितिः......................

संस्थाको छाप

**<u>संलग्न गर्नु पर्ने कागजात</u>**

१. जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति विधान र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि

२. वर्तमान कार्यकारिणी सदस्यहरुको विवरण (अस्थायी, स्थायी, पूरा ठेगाना र सम्पर्क नं. सहित)

३. संस्थाको परिचयात्मक विवरण उल्लेख भएको Brochure तथा अन्य कागजातहरु (संस्थाको मुख्य विषयगत उद्देश्य, संस्था रहेको पूरा ठेगाना र सम्पर्क नं. ......, इमेल)

४. संस्थाको अन्तिम लेखा परीक्षण र बार्षिक कार्य प्रगति प्रतिवेदन

५. विधानमा उल्लेख भए अनुरुपको प्रवेश शुल्क र वार्षिक सदस्यता बापतको शुल्कको ड्राफ्ट/चेक/जिल्ला शाखा/तदर्थ समितिको कार्यालयमा बुझाएको रसिदको प्रतिलिपि वा नेविल बैंक केन्द्रीय कार्यालय कान्तिपथ ***(NGO Federation of Nepal Saving A/C 01 10 01 1551501, Kantipath, Kathmandu)*** मा जम्मा गरेको भौचर

६. अन्तिम लेखा परीक्षण अनुसार संस्थाले गरेको आर्थिक कारोवारको जम्मा रकम रु. ................

७. गैसस महासंघ जिल्ला शाखाको छानविन समितिको वैठकको निर्णय सहित सिफारिस पत्र (जिल्ला शाखाको तर्फबाट)

# गैर सरकारी संस्था महासंघ नेपाल
# सदस्य संस्थाको परिचय

१. **संस्थाको नाम** (नेपालीमा):
.............................................................................................................

संस्थाको नाम (अंग्रेजीमा):
.............................................................................................................

संस्थाको संक्षिप्त नाम (Use Acronym if applicable):...........................................................................

संस्था सम्पर्क ठेगाना : .......................................अञ्चल, .....................................जिल्ला .......................................न.पा. / गा.वि.स. .......वार्ड नं. .................................. गाउँ / टोल

अध्यक्षको नाम :.............................................

२. **संस्थाको सम्पर्क फोन** : .............................. मोबाइल :................................

फ्याक्स :.........................................

इमेल : ............................................

वेवसाइट : .......................................

सम्पर्क व्यक्तिको विवरण:

नाम : ......................................पदः ..............................फोन / मोवाइल ...........................

३. **स्थापना मिति** (साल / महिना / गते): .........................................**जिल्ला** : ....................................

४. **आवद्धता तथा दर्ता** (नम्बर सहित अन्तिम नविकरण मिति)

| **निकाय** | **दर्ता मिति** | **आवद्धता मिति** | **दर्ता नम्बर** | **अन्तिम नविकरण मिति** | **नविकरण अवधि** |
|---|---|---|---|---|---|
| क. जिल्ला प्रशासन कार्यालय | | | | | |
| ख. समाज कल्याण परिषद | | | | | |
| ग. गैसस महासंघ नेपाल | | | | | |
| घ. जि.वि.स. **NGO Desk** | | | | | |
| ङ. स्थायी लेखा नम्बर (PAN) | | | | | |

**५. संस्थाको प्रमुख उद्देश्यहरु :**

...........................................................................................................................................
...........................................................................................................................................
...........................................................................................................................................
...........................................................................................................................................
.....................**६. नीति, नियमावली, योजना** (छ, छैन) यदि छ भने छ छैन भने छैन लेख्नुहोस् ।

(क) रणनैतिक योजना ☐ (ख) आर्थिक नियमावली ☐

(ग) कर्मचारी प्रशासन नियमावली ☐ (घ) वार्षिक कार्यक्रम बजेट ☐

**७. संस्थाको विषयगत बिशिष्ट कार्यक्षेत्र**

...........................................................................................................................................

...........................................................................................................................................

**८ लक्षित वर्ग/समुदाय** :

...........................................................................................................................................

**९. संस्थाले सञ्चालन गरेको प्रमुख कार्यक्रमहरु :**

...........................................................................................................................................

...........................................................................................................................................

**१०. वर्तमान कार्यक्रम क्षेत्र** (भौगोलिक)

| क.सं. | जिल्ला | गाविस/नगरपालिका |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**११. संस्थाको बार्षिक बजेट** (रु. हजारमा) :

| आ.ब. | कूल बजेट | स्थानीय | | बाह्य (INGO/Donor) | |
|---|---|---|---|---|---|
| | | रकम | निकाय | रकम | निकाय |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## १२. वर्तमान साङ्गठनिक ढाँचा (कृपया संख्या खुलाउनुहोस्)

१२.१ जातिगत र लैंगिक आधारमा

| **जाति जनजाति** | **साधारण सदस्य** | | | | **कार्य समिति** | | | | **कर्मचारी** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | म. | ते.लि. | जम्मा | पु. | म. | ते.लि. | जम्मा | पु. | म. | ते.लि. | जम्मा |
| दलित | | | | | | | | | | | | |
| आदिवासी जनजाति | | | | | | | | | | | | |
| मधेसी | | | | | | | | | | | | |
| ब्राह्मण/क्षेत्री/सन्यासी/ठकुरी | | | | | | | | | | | | |
| मुस्लिम | | | | | | | | | | | | |
| अन्य | | | | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | | | | |

१२.२ शारीरिक क्षमता र लैंगिक आधारमा

| **फरक क्षमता भएका** | **साधारण सदस्य** | | | | **कार्य समिति** | | | | **कर्मचारी** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | म. | ते.लि. | जम्मा | पु. | म. | ते.लि. | जम्मा | पु. | म. | ते.लि. | जम्मा |
| **जम्मा** | | | | | | | | | | | | |

*पु.: पुरुष, म.: महिला र ते.लि.: तेस्रो लिंगी*

## १३. सहयोगी तथा साझेदारी संस्था

| **क्र.सं.** | **संस्थाको नाम** | **उद्देश्य तथा कार्यक्रम** |
|---|---|---|
| | | |
| | | |

## १४. वर्तमान कार्यकारिणी सदस्यहरुको विवरण

| क्र.सं. | नाम | पद | शैक्षिक योग्यता | उमेर | बिषयगत बिशेषज्ञता | समाजिक क्षेत्रको अनुभव | सम्पर्क फोन नं | इमेल |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**१५. अन्तिम साधारण सभा/अधिवेशन** मिति :

**१६. अन्तिम लेखा परीक्षण** मिति :..............................**अवधि** :.......................देखि.........................सम्म

माथि दिइएका विवरणहरु ठीक साँचो हुन् । दिइएका विवरणहरु गलत सावित भएमा महासंघको नियमानुसार सहने बुझाउनेछौं ।

| **सम्बन्धित संस्थाको तर्फबाट** | **सम्बन्धित जिल्ला शाखाको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः ........................... | हस्ताक्षरः ........................... |
| आवेदकको नामः ....................... | सिफारिस कर्ताको नामः ....................... |
| पदः ..................................... | पदः ..................................... |
| संस्थाको छापः | संस्थाको छापः |

अनुसूची २

**सदस्यता प्रमाणपत्र नमूना**



NGO FEDERATION OF NEPAL

गैरसरकारी संस्था महासंघ नेपाल

नेपाली गैससहरूको राष्ट्रिय महासंघ

(राष्ट्रिय निर्देशन ऐन २०१८ बमोजिम स्थापना भएको)

प्रमाण-पत्र

............................................ क्षेत्र ........................... अञ्चल ....................... जिल्ला

...................................... महा/उप-महा/नगरपालिका/गाविस वडा नं. ........... स्थित

गैरसरकारी संस्था ...........................................................................................लाई

गैरसरकारी संस्था महासंघ नेपालको सदस्य संस्थाको रूपमा

यो सदस्यताको प्रमाण-पत्र प्रदान गरिएको छ ।

सदस्यता प्रदान गरिएको मिति :

..............................................

अध्यक्ष / महासचिव / सचिव

अनसूची ३

**संगठन ब्यवस्थापनको वार्षिक क्यालेण्डर**

| क्र.सं. | महिना | जिल्ला शाखाहरुको जिम्मेवारी | क्षेत्रीय समितिको जिम्मेवारी | केन्द्रीय समितिको जिम्मेवारी |
|---|---|---|---|---|
| १. | श्रावण<br>भाद्र<br>असोज | गत आ.व. आषाढ मसान्त सम्मको नविकृत सदस्यहरु र नया सदस्यता लिएका सदस्य संस्थाको अभिलेख अद्यावधिक गर्ने र सोको विवरण शुल्क सहित क्षेत्र र केन्द्रमा पठाउने । | जिल्ला समितिहरुलाई नयाँ सदस्य संस्था र नविकृत सदस्य संस्थाको विवरण पठाउन पहल र क्षेत्र अन्तर्गतको सवै जिल्लाको सांगठनिक अभिलेख अद्यावधिक गर्दै जाने । | ५ वटै क्षेत्र र ७५ वटै जिल्ला समिति लाई सांगठनिक विवरण पठाउन पहल गर्ने |
| २. | असोज<br>कात्तिक<br>मंसिर | सदस्यता विस्तारको योजना<br>वनाउने एवं पुराना सदस्य संस्थाहरु नविकृत भएका छैन भने सो को कारण पत्ता लगाउने । | जिल्ला शाखाहरु सांगठनिक अभिलेख अद्यावधिक पुर्ण गर्ने ।<br>जिल्ला शाखाहरुको सांगठनिक अवस्थाको समीक्षा गर्ने आवश्यक निर्देशन दिने कमीकमजोरी औंल्याइदिने । | जिल्ला एवं क्षेत्रबाट प्राप्त सदस्यता विवरण रुजु गरी छुट्टा छुट्टै फाइलमा अद्यावधिक गर्ने |
| ३. | मंसिर पौष<br>माघ | मंसिरमा सदस्यता विस्तार एवं सदस्यता नविकरण अभियान संचालन गर्ने (सार्वजनिक सुचना, पत्रचार एवं सदस्य संस्था गई भेटघाट आदि गर्न सकिन्छ ।<br>पौषको अन्तिम हप्ता नयाँ सदस्यहरुको लागि अभिमुखिकरण कार्यक्रम संचालन गर्ने । | जिल्ला जिल्लामा सदस्यता विस्तार अभियान र नया सदस्य अभिमुखिकरण भए नभएको जानकारी लिने, नभएको भए गर्न गराउन पहल गर्ने । | जिल्ला जिल्लामा सदस्यता विस्तार अभियान र नयाँ सदस्य अभिमुखिकरण भए नभएको जानकारी लिने, नभएको भए गर्न गराउन पहल गर्ने । |
| ४. | माघ<br>फाल्गुन<br>चैत | माघको पहिलो हप्ता चालु वर्षको संगठन विवरण अद्यावधिक गर्ने र दोस्रो हप्तासम्म केन्द्र र क्षेत्रमा रिर्पोट गरिसक्ने । ५० प्रतिशत नविकरण शुल्क केन्द्र पठाउने ।<br>जिल्ला अधिवेशन/साधारण सभाको तयारी गरी फागुण मसान्त भित्र सम्पन्न गरिसक्ने । | जिल्ला शाखाहरुको सांगठनिक विवरण माग गर्ने, अधिवेशन तथा साधारण सभाको लागि क्षेत्रबाट प्रतिनिधिहरु पठाउने<br>क्षेत्रीय अभिवेशन/साधारण सभाको लागि तयरी गर्ने । | जिल्लाबाट प्राप्त सांगठनिक विवरण अद्यावधिक गर्ने र जिल्ला अधिवेशन एवं साधारण सभाको लागि प्रतिनिधि पठाउने ।<br>केन्द्रीय साधारण सभा एवं महाधिवेशनको तयारी गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ५. | चैत<br>बेशाख<br>जेठ | जिल्ला साधारण सभा अधिवेशन रिर्पोट क्षेत्र एवं केन्द्रमा पठाउने ।<br>केन्द्र एवं क्षेत्रको महाधिवेशन साधारण सभाको लागि प्रतिनिधि पठाउने । | क्षेत्रीय अधिवेशन साधारण सभा चैत महिना भित्र गर्ने<br>केन्द्रीय महाधिवेशन साधारण सभाको लागि क्षेत्रको रिर्पोट एवं प्रतिनिधि पठाउने । | क्षेत्रीय साधारण सभाको लागि केन्द्रबाट प्रतिनिधित्व गराउने<br>केन्दीय साधारण सभा र महाधिवेशन आषेजना गर्ने |
| ६. | जेठ असार | जिल्लाको समग्र सांगठनिक गतिविधि एवं अवस्थाको समीक्षा गर्ने र आगामी सांगठनिक कार्ययोजना तयार गर्ने (विशेष गरी नविकरण नभएका संस्थालाई नविकरण गर्न थप पहल गर्ने) | क्षेत्रीय साधारण सभा/अधिवेशन र समग्र सांगठनिक अवस्थाको समीक्षा गर्ने | केन्द्रीय साधारण सभा/अधिवेशन र सम्रग सांगठनिक अवस्थाको समीक्षा गर्ने सांगठनिक प्रतिवेदन तयार गर्ने |

अनुसूची ४

**गैसस महासंघ नेपाल**

**संगठनात्मक सूचना फाराम**

(जिल्ला शाखाले बार्षिक रुपमा भर्ने)

१. जिल्ला शाखा : ...............................................

२. कार्यालयको ठेगाना :

क. गा.वि.स/न.पा. ................................ ख. वडा नं.................

ग. टोल........... घ. फोन नं. .................

ङ. ईमेल ........ च. फयाक्स :......

२. जिल्ला शाखा स्थापना/गठन मिति : ..............

३. बार्षिक साधारण सभा हालसम्म : ...... ..... अन्तिम पटक साधारण सभा मिति : ........................

४. जिल्ला अधिवेशन सम्पन्न संख्या :........... अन्तिम अधिवेशन मिति :......................................

५. कार्य समितिको सदस्य संख्या :...........महिला :.........जनजाति :........ ..दलित :........अन्य :.........

६. पछिल्ला अधिवेशनपछि जिल्ला शाखाको बैठक संख्या :....................

७. अन्तिम बैठक वसेको मिति :..............

८. अन्तिम अधिवेशन पछिका वैठकले गरेको महत्वपूर्ण निर्णयह

| मिति | बैठकनं. | वैठकमा उपस्थिति सदस्य संख्या | निर्णयहरु | माथिल्लो तहको समितिवाट उपस्थिति भएको भए नाम |
|---|---|---|---|---|
| | | | | |

९. गैसस महासंघमा आवद्ध भएका संस्था संख्या :.....

१०. आ.व. ..................सम्म महासंघमा नविकरण भएका संख्याः .....

(नविकरण भएका सदस्य संस्थाको नामावाली संलग्न गर्नु होला)

११. आ.व. ................. मा आवद्ध भएका सदस्य संख्याः .....

| क्र.सं. | संस्थाकोनाम | सदस्य संस्था नं. | कार्यालय भएको स्थान | सम्पर्क फो. नं. | संस्थाका अध्यक्षको नाम र सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |

१२. जिल्ला शाखाको आर्थिक व्यवस्था ( आ.व. ....................को )

क) आम्दानी : रु. ............. ख) खर्च : रु. .........

ग) मौज्दात : रु. ...... नगदमा : रु.....................बैकमा : रु................

१३. गत आ.व. लेखापरिक्षण गरिएको छ/छैन :

छैन भने नगरिएको कारण ...........................................................................

.....................................................................

छ भने लेखा परिक्षण प्रतिवेदन को प्रतिलिपी संलग्न गर्नु होला

१४. जिल्ला शाखाको प्रतिनिधित्व गरिएको सरकारी संघ/संस्था निकाय

| |
|---|
| |
| |

१५. नागरिक समाज सञ्जालहरु

| |
|---|
| |
| |

१६.जिल्ला शाखाको मुख्य गतिविधिहरु

क.

ख.

ग.

घ.

१७. जिल्ला शाखाको आफ्नै कार्यालय छ छैन ? छैन भने कसरी जिल्लाशाखा सञ्चालन गरिएको छ ?

..........................................................................

१८. जिल्लाशाखाको बार्षिक कार्ययोजना निर्माण गरेको छ  छैन ?

१९. जिल्ला शाखामा सदस्यहरुको विवरण

| क्र.सं. | नाम | पद | संस्थाको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

२०. केन्द्र र क्षेत्रीय समितिबाट अपेक्षा

| | |
|---|---|
| १. | २. |
| ३. | ४. |
| ५. | ६. |

२१. अन्य केही सुझावहरु भएमा

| | |
|---|---|
| १. | २. |
| ३. | ४. |
| ५. | ६. |

जिल्ला शाखा अध्यक्ष/सचिव को दस्तखत

छाप :

अनुसूची ५

गैरसरकारी संस्था महासंघ

जिल्ला शाखाको सांगठनिक वस्तुस्थिति विश्लेषण सूची

(केन्द्रीय/क्षेत्रीय समितिका सदस्यहरुले भर्ने )

| | |
|---|---|
| १. जिल्ला शाखाको नाम | |
| २. सदस्यता वितरण गर्दा | |
| • गैससहरुबाट निवेदन लिएको नलिएको ? | |
| • आवश्यक कागजात -विधान, प्रमाण पत्र, लेखापरिक्षण प्रतिवेदन, समाज कल्याण परिषदमा आवद्ध भएको प्रमाण पत्र, संस्थाको प्रोफाईल आदि) लिएको वा नलिएको ? | |
| • सदस्यता सिफारिस गर्दा जिल्ला शाखाको वैठकबाट गरेको वा अध्यक्ष, सचिव वा अन्य कुनै सदस्यबाट गरिएको ? | |
| • सदस्यता वितरणको लागि सूचना प्रकाशन गर्ने गरिएको नगरिएको ? | |
| ३. सदस्यता नविकरण गर्दा | |
| • सदस्यता नविकरणको लागि सूचना प्रदान गर्ने गरिएको नगरिएको ? | |
| • आवश्यक कागजात -जि.प्र.का.मा नविकरण भएको प्रमाण पत्र, गत आ.व.को लेखापरिक्षण प्रतिवेदन, गत आ.व.को प्रगति प्रतिवेदन र चालु आ.व.को योजना आदि) लिएको वा नलिएको ? | |
| • गत आ.व.को लेखापरिक्षण प्रतिवेदन अनुसार विधानले तोके वमोजिमको नविकरण शुल्क लिएको वा नलिएको ? | |
| ४. अभिलेखीकरण | |
| • जिल्ला शाखाको माईन्युट बुक भएको नभएको ? | |
| • आवद्ध संस्थाहरुको अलग्गै फाईल वनाईएको नवनाईएको ? | |
| • जिल्ला शाखामा आएका र पठाईने चिठ्ठी पत्रहरुको प्रतिलिपी राख्ने गरिएको नगरिकएको ? | |
| • दर्ता चलानीको व्यवस्था भएको नभएको ? | |
| • साधारण सभाका प्रतिवेदनहरु भएको नभएको ? | |
| ५. साधारण सभा/अधिवेशन | |
| • विधान अनुसार प्रतिनिधि चयन भएको नभएको ? | |
| • प्रगति प्रतिवेदन भएको नभएको ? | |
| • लेखा प्रतिवेदन भएको नभएको ? | |
| • साधारण सभा र अधिवेशनमा केन्द्रीय/क्षेत्रीय समितिको प्रतिनिधिको रोहवरमा भएको नभएको ? | |
| • निर्वाचन समिति गठन गरिएको नगरिएको ? | |
| • निर्वाचन विधि अवलम्वन गरिएको नगरिएको ? | |
| • समयावधी भित्र साधारण सभा/अधिवेशन गर्ने गरिएको वा नगरिएको ? | |

| | |
|---|---|
| नगरिएको भए कारण | |
| ● साधारण सभा र अधिवेशनको माईन्युट गरिएको नगरिएको ? | |
| ६. अभिलेख अध्यावधी | |
| ● आर्थिक वर्ष समाप्त भए लगत्तै सदस्य संस्थाको अभिलेख अध्यावधि गर्ने गरिएको नगरिएको ? | |
| ● असोज मसान्त भित्र सदस्यता नविकरण गर्ने गरिएको नगरिएको ? नगरिएको भए कारण | |
| ● नविकरण भएका सदस्य संस्थाहरुको सुची केन्द्र वा क्षेत्रीय समितिमा पठाउने गरेको नगरेको ? नपठाएको भए कारण | |
| ● समयावधि भित्र नविकरण नभएको सदस्य संस्थाहरुको सूची केन्द्र वा क्षेत्रीय समितिमा पठाउने गरेको नगरेको ? नपठएको भए कारण | |
| ७. आर्थिक व्यवस्था | |
| ● वैक खाता भएको नभएको ? नभएको भए कारण | |
| ● लेखा विधिद्वारा आम्दानी खर्चको विवरण राख्ने गरिएको नगरिएको ? नभएको भए कारण | |
| ● दर्तावाल लेखा परिक्षकद्वारा लेखा परिक्षण गर्ने गरिएको नगरिएको ? | |
| ● हरेक वर्ष सदस्यता शुल्क/नविकरण शुल्क केन्द्रमा पठाउने गरेको नगरेको ? नपठाएको भए कहिले देखि को कति वाँकी छ ? | |
| ८. कार्यालय व्यवस्था | |
| ● जिल्ला शाखाको आफ्नै अलग्गै कार्यालय भएको नभएको ? नभएको भए कसरी संचालन गरिएको छ ? | |
| ● कार्यालय सामाग्री -कुर्सी, टेवुल, दराज, वेन्च, आीद) के कति उपलब्ध ? | |
| ● महासंघको अलग्गै टेलिफोन, फयाक्स, ईमेल ईन्टरनेटको व्यवस्था कस्तो ? | |
| ● कार्यालय सहायक भएको नभएको ? | |

जिल्ला शाखाको अध्यक्ष/सचिव/कोषाध्यक्षको नाम :

दस्तखत :

छाप :

तयार गर्नेको नाम:

समिति :

पद :

अनुसुची ६

**गैरसरकारी संस्था महासंघ**

**जिल्ला शाखाको अनुगमन प्रतिवेदनको ढाँचा**

(अनुगमनकर्ताले भर्ने)

**जिल्लाको नाम :** ...................

**जिल्ला शाखाको कार्यालयको ठेगाना :**.................

**भ्रमणको मिति :**.........................

**१ . भ्रमणको प्रकार :**

**नियमित** ☐ **तालिके** ☐ **विषेश कारणको लागि** ☐

**२. गतिविधिहरु**

..........................................................................................................................................
..........................................................................................................................................
..............................................................................................................................

**३. अनुगमनकर्ताको सुझावहरु :**

..........................................................................................................................................
..........................................................................................................................................
..............................................................................................................................

**४. जिल्ला शाखाको उपस्थित सदस्यहरु नाम र पद**

| नाम | पद |
|---|---|
| | |
| | |
| | |

**५. अनुगमन टोलीको सदस्यहरुको नाम, पद र हस्ताक्षर**

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| | | |
| | | |

अनुसूची ७

**गैसस महासंघ नेपाल**

**केन्द्रीय समिति/क्षेत्रीय समिति/जिल्ला शाखा**

**वार्षिक प्रतिवेदनको ढाँचा**

| |
|---|
| **१. पृष्ठभूमी** |
| |
| **२. संगठनात्मक अवस्था र गतिविधि** |
| |
| **३. मुख्य गतिविधिहरु** |
| **३.१) बैठक र मुख्य निर्णयहरु**<br><br>**३.२) पैरवी/वकालत/अभियान**<br><br>**३.३) सम्पर्क/समन्वय/साझेदारी**<br><br>**३.४) परिचालन/संजालिकरण**<br><br>**३.५) क्षमता विकास**<br><br>**३.६) प्रतिनिधित्व र सहभागिता** |

**३.७) आन्तरिक सुशासन र आचारसंहिता**

**३.८) परियोजना/कार्यक्रम**

**४. समस्या र चुनौतीहरु**

**५. आगामी कार्ययोजना**

| **आयब्यय विवरण** | | |
|---|---|---|
| **आम्दानी** (श्रोत अनुसार खुलाउने)<br>१)<br>२)<br>३)<br>४)<br>५)<br>जम्मा : | **खर्च** (शीर्षक अनुसार खुलाउने)<br>१)<br>२)<br>३)<br>४)<br>५)<br>जम्मा : | **मौज्दात**<br>नगदमा :<br>बैंकमा :<br>जम्मा : |

| **सम्पत्ति विवरण** | **लिन वा दिन बाँकी भए सो को विवरण** | |
|---|---|---|
| | | |

लेखन:

हस्ताक्षर:

मिति:

अनुसूची ८

**गैरसरकारी संस्था महासंघ नेपालको**

**सपथ**

म ........................................... गैरसरकारी संस्था महासंघ नेपालको मिति ............................मा सम्पन्न केन्द्रीय महाधिवेशन/क्षेत्रीय अधिवेशन/जिल्ला अधिवेशनमा ............................पदमा निर्वाचित/मनोनित भएको हैसियतले गैसस महासंघ नेपालको सामाजिक रुपान्तरणको अभियानलाई अझ सशक्त र प्रभावकारी बनाउन प्रतिवद्ध रहनेछु। गैरसरकारी संस्था महासंघ नेपालबाट जारी विधान, नियमावलीहरु तथा आचारसहिंतालाई पूर्ण पालना गर्नेछु र कार्यान्वयन गराउन प्रतिवद्ध रहनेछु। नागरिक संगठनहरुको प्रभावकारी परिचालन र समन्वयकारी भूमिकालाई अझ मजवुत बनाउन म अथक प्रयत्नरत रहनेछु। म गैसस महासंघ नेपालको हित र उद्देश्य विपरित कुनै काम गर्ने छैन। जस्तो सुकै प्रतिकुल परिस्थितिमा पनि गैसस महासंघ नेपालको उद्देश्यलाई पूरा गर्ने वाचा गर्दछु।

मिति : ............................. गते

सपथ लिनेको नाम र पद :

....................समिति

दस्तखत